# ९. सार्वजनिक संस्थान

## समग्र समीक्षा

९.१ नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्व रहेका ३६ वटा सार्वजनिक संस्थानहरु (नेपाल सरकारको प्रत्यक्ष शेयर लगानीका साथै अन्तर-सार्वजनिक संस्थान शेयर लगानीलाई समेत नेपाल सरकारकै स्वामित्वको रुपमा लिइएको) मध्ये औद्योगिक क्षेत्रमा ७ वटा, व्यापारिक क्षेत्रमा ६ वटा, सेवा क्षेत्रमा ७ वटा, सामाजिक क्षेत्रमा ५ वटा, जनोपयोगी क्षेत्रमा ३ वटा र वित्तीय क्षेत्रमा ८ वटा छन्। आर्थिक वर्ष २०६२/६३ को तुलनामा आर्थिक वर्ष २०६३/६४ मा यी ३६ सार्वजनिक संस्थानहरुको समग्र र क्षेत्रगत संक्षिप्त विवरण तथा उपलब्ध तथ्यांकको आधारमा केही क्षेत्रहरुको चालू आर्थिक वर्ष २०६४/६५ को वित्तीय स्थितिको अनुमान पनि यहाँ उल्लेख गरिएको छ। यस क्रममा सार्वजनिक संस्थानहरुको लेखापरीक्षण स्थिति, जनशक्ति स्थिति, विनिवेश गरिएका सार्वजनिक संस्थानहरुको संक्षिप्त विवरण तथा सम्बन्धित चुनौतीहरु समेटी विश्लेषणात्मक समीक्षा प्रस्तुत गरिएको छ।

९.२ नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्वमा रहेका ३६ वटा सार्वजनिक संस्थानहरुको समष्टिगत आर्थिक स्थिति हेर्दा आर्थिक वर्ष २०६३/६४ मा २२ वटा संस्थानहरुले खुद मुनाफा आर्जन गरेका छन् भने १४ वटा संस्थानहरु घाटामा रहेका देखिन्छन्। आर्थिक वर्ष २०६२/६३ मा जम्मा १९ वटा संस्थानहरुले नोक्सानी व्यहोरेको तुलनामा आर्थिक वर्ष २०६३/६४ को नतिजा प्रगतिउन्मुख छ। त्यस्तै, समग्र संस्थानहरुको आर्थिक वर्ष २०६२/६३ को खुद मुनाफा रु. २ अरब ५४ करोड रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा यो रु. ७ अरब ९६ करोड पुगेको छ। मुख्यरुपमा नेपाल दूरसञ्चार कम्पनी लि. ले रु. ५ अरब ९८ करोड र कृषि विकास बैंक लि. ले रु. १ अरब ५ करोड खुद मुनाफा गरी समग्रमा खुद मुनाफा बढाउनमा योगदान गरेकाछन्। त्यस्तै, नेपाल आयल निगमको नोक्सानी गत आर्थिक वर्षको तुलनामा रु. ३ अरब ६७ करोडबाट घटेर आर्थिक वर्ष २०६३/६४ मा रु. १ अरब ९२ करोड रहेकोले पनि समग्र खुद मुनाफा बढेको देखिएको छ। तर पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा भएको वृद्धि र सो अनुसार स्थानीय मूल्यमा समयमै आवश्यक समायोजन हुन नसकेको कारणले आर्थिक वर्ष २०६४/६५ मा नेपाल आयल निगम लि. को नोक्सानी पुनः बढेर रु ७ अरब १८ करोडमा रहने अनुमान गरिएको छ। त्यस्तै, आर्थिक वर्ष २०६४/६५ मा समग्र संस्थानहरुको खुद मुनाफा रु. ३ अरब ५१ करोडमा सीमित रहने अनुमान छ। सरकारको पूर्ण तथा अधिकांश स्वामित्व रहेका सबै सार्वजनिक संस्थानहरुको कुल शेयरधनी कोष आर्थिक वर्ष २०६३/६४ मा पनि अघिल्लो आर्थिक वर्षकै हाराहारीमा रु. ३९ अरब रहेको छ। महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त विवरण अनुसार यी ३६ वटा सार्वजनिक संस्थानमा सरकारको शेयर लगानी रु. ७५ अरब ८० करोड रहेकोमा आर्थिक वर्ष २०६३/६४ को अन्त्यसम्ममा ४९ प्रतिशत पुँजी क्षय भइसकेको देखिन्छ।

९.३ आर्थिक वर्ष २०६३/६४ मा ७ वटा सार्वजनिक संस्थानहरुबाट सरकारलाई जम्मा रु. १ अरब ४८ करोड ९५ लाख लाभांशको रुपमा प्राप्त भएको छ जुन कुल शेयर लगानीको १.९६ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा यी ३६ वटा सार्वजनिक संस्थानहरुको खुद सम्पत्ति (निर्माणाधीन समेत) आर्थिक वर्ष २०६२/६३ को रु. ९९ अरब ४७ करोडबाट वृद्धि भएर आर्थिक वर्ष २०६३/६४ मा रु. ११० अरब ६१ करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ मा मुख्यरुपमा नेपाल विद्युत् प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि. ले क्रमशः रु. ६ अरब ५० करोड र रु. ५ अरब ५० करोड स्थिर सम्पत्ति बढाएको कारणले सार्वजनिक संस्थानहरुको समग्र स्थिर सम्पत्ति बढेको छ।

## क्षेत्रगत विश्लेषण

## औद्योगिक क्षेत्र

९.४ औद्योगिक क्षेत्रका ७ वटा संस्थानहरुले आर्थिक वर्ष २०६३/६४ मा कुल रु. ४ अरब १७ करोडको विक्री कारोवार गरेका छन् जुन गत वर्षको भन्दा ५ प्रतिशतले बढी छ। मुख्य रुपमा दुग्ध विकास संस्थान, जनकपुर चुरोट कारखाना लि., उदयुपर सिमेण्ट उद्योग लि. तथा हेटौडा सिमेण्ट उद्योग लि. ले क्रमशः रु. १ अरब ६८ करोड, ९७ करोड, रु. ८३ करोड र ७० करोडको विक्री कारोवार गरी यस क्षेत्रको विक्रीमा प्रमुख योगदान पुऱ्याएकाछन्। अघिल्लो वर्षको तुलनामा उदयपुर सिमेण्ट उद्योग लि. ले कुल विक्रीमा ३३.२ प्रतिशतको उत्साहजनक वृद्धि हासिल गरेको छ भने जनकपुर चुरोट कारखाना लि. को विक्री १२.० प्रतिशतले घटेको छ। दुग्ध विकास संस्थान र हेटौडा सिमेण्ट उद्योग लि. को विक्रीमा सामान्य वृद्धि भएको छ।

## नाफा नोक्सानको स्थिति

९.५ आर्थिक वर्ष २०६२/६३ मा औद्योगिक क्षेत्रका ७ वटा संस्थानहरुको खुद नोक्सान रु. २७ करोड ८८ लाख रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा रु. १७ करोड ८१ लाख रहेको छ जसमा उदयपुर सिमेण्ट उद्योग लि. को नोक्सानी रु. १३ करोड ४२ लाख र जनकपुर चुरोट कारखानाको नोक्सानी रु. ९ करोड प्रमुख छन्। जनकपुर चुरोट कारखाना लि. ले अघिल्लो वर्ष रु. ९१ लाख मुनाफा गरेकोमा समीक्षा वर्ष ठूलो नोक्सानी व्यहोर्नु परेको देखिन्छ। मुख्यतः कुल विक्रीमा कमी, वितरण खर्चमा रु. १ करोड वृद्धि, वीमा शुल्कमा रु. ३ करोडको वृद्धि तथा अन्य खर्चहरुमा भएको वृद्धिले रु. ९ करोड घाटा व्यहोर्नु परेको छ। उदयपुर सिमेण्ट उद्योग लि. र नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. ले अघिल्लो वर्षको तुलनामा आफ्नो नोक्सानीमा क्रमशः रु. ७ करोड र रु. ५ करोड कम गराएका छन्। उदयपुर सिमेण्ट उद्योग लि. को सन्दर्भमा आर्थिक वर्ष २०६३/६४ मा विक्री वृद्धि भएको र अपलेखन गर्न बाँकी खर्चहरु नरहेकोले नोक्सानीमा कमी आएको देखिन्छ। त्यस्तै, नेपाल ओरिण्ड म्याग्नेसाइटका अन्य खर्च तथा आम्दानीहरु अघिल्लो वर्षकै हाराहारीमा रहेता पनि विदेशी विनिमयको अवमूल्यनले वैदेशिक ऋण तथा व्याजको मूल्य कम भएको हुँदा नोक्सानीमा केही

कमी आएको छ। दुग्ध विकास संस्थान आर्थिक वर्ष २०६२/६३ को रु. २ करोड ५५ लाख खुद नोक्सानको स्थितिबाट आर्थिक वर्ष २०६३/६४ मा रु. १ करोड १० लाखको खुद मुनाफा गर्न सफल भएको छ।

## ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.६ आर्थिक वर्ष २०६२/६३ मा समग्र औद्योगिक क्षेत्रको कुल वक्यौता दीर्घकालीन ऋण रकम रु. ३ अरब ८१ करोड रहेकोमा आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा यस्तो ऋण रकममा केही कमी आई रु. ३ अरब ४८ करोड रहन पुगेको छ। यस्तै, खुद स्थिर सम्पत्तिमा केही कमी भई रु. १ अरब ८२ करोड रहन पुगेको छ। यस क्षेत्र अन्तर्गत उदयुपर सिमेण्ट उद्योगि लि. को मात्र रु. ३ अरबको हाराहारीमा विगत धेरै वर्षदेखि निर्माणाधीन सम्पत्ति देखिँदै आएको छ। कारखाना सञ्चालनमा आइसकेपछि उक्त निर्माणाधीन सम्पत्तिमा देखाइएको रकमलाई स्थिर सम्पत्तिमा लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाइएन। आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा यस क्षेत्रका ७ वटै संस्थानहरुको कुल शेयरधनी कोष रु. ५३ करोड ४४ लाख ऋणात्मक रहेको छ।

९.७ समग्रमा औद्योगिक क्षेत्रको आर्थिक वर्ष २०६३/६४ को प्रगति सन्तोषजनक देखिदैन। उदयपुर सिमेण्ट उद्योग लि. ले विक्री बढाएर आफ्नो खुद नोक्सान घटाउन केही सफल देखिएतापनि खुद मुनाफाको स्थितिमा आउन सकेको छैन। तर आर्थिक वर्ष २०६४/६५ को प्रगति अनुमानले यस वर्ष यो उद्योग सामान्य नाफाको स्थितिमा आउन सक्ने देखिएको छ। नाफामा चलिरहेको जनकपुर चुरोट कारखाना लि. ले आर्थिक वर्ष २०६३/६४ मा रु. ९ करोडको खुद नोक्सानी गरेर हालसम्मको संचित मुनाफालाई लगभग रित्याएको अवस्था छ। विक्री घट्दा पनि वितरण तथा अन्य खर्चहरु अत्यधिक बढ्नुले कारखानाको आर्थिक व्यवस्थापन सक्षम नरहेको संकेत गर्दछ। नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. को स्थितिमा कुनै सुधार भएको छैन र हरेक वर्ष यसले आर्थिक वोझ बढाउदै गएको छ।

## व्यापारिक क्षेत्र

९.८ व्यापारिक क्षेत्र अन्तर्गत रहेका ६ वटा संस्थानहरुको आर्थिक वर्ष २०६३/६४ को कुल विक्री कारोवार रु. ३८ अरब ७८ करोड रह्यो जुन आर्थिक वर्ष २०६२/६३ को रु. ३३ अरब ९२ करोडको तुलनामा १४.० प्रतिशतले बढी छ। व्यापारिक क्षेत्रका सरकारी संस्थानहरुको कुल विक्रीमा करिब ९४ प्रतिशत योगदान नेपाल आयल निगम लि. को रहेको छ। आर्थिक वर्ष २०६२/६३ को तुलनामा आर्थिक वर्ष २०६३/६४ मा नेपाल आयल निगम लि. को विक्रीमा करिब रु. ४ अरबको वृद्धि भएको छ भने अन्य व्यापारिक संस्थानहरुको विक्री पनि बढेको देखिन्छ। कृषि सामग्री संस्थानको विक्री ६० प्रतिशतले बढेको छ तर आर्थिक वर्ष २०६४/६५ मा फेरि यसको विक्री न्यूनतम विन्दुमा पुग्ने अनुमान गरिएबाट आर्थिक वर्ष २०६३/६४ को वृद्धि दिगो नभएको पुष्टि हुन्छ। खाद्य संस्थानले कुल विक्रीमा १४३ प्रतिशतको वृद्धि हासिल गरेको छ।

### नाफा नोक्सानको स्थिति

९.९ आर्थिक वर्ष २०६३/६४ मा व्यापारिक क्षेत्रका संस्थानहरुले समग्रमा रु. १ अरब ९३ करोड खुद नोक्सानी व्यहोर्नु परेको छ। आर्थिक वर्ष २०६२/६३ मा यस क्षेत्रको खुद नोक्सानी रु. ३ अरब ८२ करोड रहेकोमा नेपाल आयल निगम लि. को खुद नोक्सानीमा करिब ५० प्रतिशतले कमी आएको कारणले समग्र व्यापारीक क्षेत्रको खुद नोक्सानीमा कमी आएको देखिन्छ। यस क्षेत्रका संस्थानहरु मध्ये राष्ट्रिय बीउ बीजन् कम्पनी लि. र नेपाल खाद्य संस्थानले नेपाल सरकारबाट आर्थिक वर्ष २०६३/६४ मा क्रमशः रु. ५० लाख र रु. ३५ करोड ६० लाख अनुदान प्राप्त गरेको कारणले खुद नाफाको स्थितिमा रहेका भएतापनि अन्य सबै संस्थानहरुले खुद नोक्सानी नै व्यहोर्नु परेको छ।

### ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.१० २०६४ असार मसान्तमा व्यापारिक क्षेत्रका संस्थानहरुको दीर्घकालीन ऋण रु. ३ अरब ३५ करोड र अल्पकालीन ऋण रु. ३ अरब ८५ करोड पुगेको छ। मुख्यतया नेपाल आयल निगम लि. को दीर्घकालीन र अल्पकालीन ऋण क्रमशः रु. ३ अरब २४ करोड र २ अरब ५० करोड रहेको छ। यसको अतिरिक्त इण्डियन आयल निगमको रु. २ अरब ७० करोड भुक्तानी दिन बाँकी रहेको देखिन्छ। नेपाल आयल निगम लि. को ऋण तथा तिर्नुपर्ने वक्यौता रकम निरन्तर बढ्ने क्रममा रहेकोले समग्र व्यापारिक क्षेत्रको ऋण रकममा वृद्धि भइरहेको देखिन्छ। नेपाल आयल निगम लि. को मात्र कुल ऋण आर्थिक वर्ष २०६४/६५ को अन्त्य सम्ममा रु. १५ अरब २४ करोड पुग्ने अनुमान गरिएको छ। यस वाहेक नेशनल ट्रेडिङ्ग लि. को अल्पकालीन ऋण रकम आर्थिक वर्ष २०६२।६३ को तुलनामा १४० प्रतिशतले वृद्धि भई रु. ९२ करोड ८९ लाख पुगेको छ। त्यस्तै, नेपाल खाद्य संस्थानको ऋण समेत रु. ३२ करोड ४१ लाखबाट रु. ४० करोड ८९ लाख पुगेको छ। व्यापारिक क्षेत्रको खुद स्थिर सम्पत्ति रु. १ अरब ४८ करोड रहेको छ जस मध्ये कृषि सामग्री कम्पनी लि. को रु. ८० करोड र नेपाल आयल निगम लि. को रु. ४१ करोड प्रमुख छन्। आर्थिक वर्ष २०६३/६४ मा व्यापारिक क्षेत्रका संस्थानहरुको स्थिर सम्पत्तिमा उल्लेख्य थपघट भएको देखिदैन। व्यापारिक क्षेत्रको समग्र शेयरधनी कोष ऋणात्मक भएतापनि यस अन्तर्गतका ३ वटा संस्थानहरु कृषि सामग्री कम्पनी लि., राष्ट्रिय बीउ वीजन कम्पनी लि. र नेशनल ट्रेडिङ्ग लि. को शेयरधनी कोष धनात्मक नै रहेको छ।

### सेवा क्षेत्र

९.११ सेवा क्षेत्र अन्तर्गतका ७ वटा संस्थानहरुको कुल सञ्चालन आय आर्थिक वर्ष २०६२/६३ को तुलनामा १८ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६३/६४ मा रु. ७ अरब ८ करोड पुगेको छ। यसमा नेपाल वायुसेवा निगमको कुल सञ्चालन आय रु. ५ अरब २१ करोडको प्रमुख योगदान रहेको छ। आर्थिक वर्ष २०६२/६३ को तुलनामा नेपाल वायुसेवा निगम, नागरिक उड्डयन प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन

लि. ले आफ्नो कारोवार बढाएका छन्। आर्थिक वर्ष २०६३/६४ मा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको कुल सञ्चालन आय नै रु. २ लाख मात्र छ भने नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सीको कारोवार आय समेत रु. १० लाख ८१ हजारमा सीमित हुन पुगेको छ। त्यस्तै, आर्थिक वर्ष २०६२/६३ को तुलनामा आर्थिक वर्ष २०६३/६४ मा नेशनल कन्सट्रक्सन कम्पनी नेपाल लि. को कुल आय ३९ प्रतिशतले घटेको देखिन्छ।

## नाफा नोक्सानको स्थिति

९.१२ समग्र सेवा क्षेत्रका संस्थानहरुको आर्थिक वर्ष २०६३/६४ को खुद मुनाफा रु. ५६ करोड ८४ लाख रहेको छ जुन गत वर्षको रु. ३१ करोड ४९ लाखको तुलनामा ८०.५ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस क्षेत्रका औद्योगिक क्षेत्र व्यवस्थापन लि., नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरण मुनाफामा संचालित छन्। नेपाल वायु सेवा निगमको खुद मुनाफा आर्थिक वर्ष २०६२/६३ मा रु. १ करोड १७ लाख रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा अत्यधिक वृद्धि भई रु. ३४ करोड २१ लाख कायम रहेको छ। उक्त आर्थिक वर्षमा देशमा तुलनात्मकरुपमा शान्ति कायम भई यात्रुहरुको आवागमन बढेको र निगमको दुवै वोइङ्गहरु राम्रोसँग सञ्चालनमा रहेकोले मुनाफामा वृद्धि भएको जनाइएको छ। आर्थिक वर्ष २०६३/६४ मा नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. ले समेत रु. ५६ लाख मुनाफा कमाउन सफल भएको छ। नेशनल कन्सट्रक्सन कम्पनी नेपाल लि., नेपाल इन्जिनियरिङ्ग सेवा कन्सल्टेन्सी लि. तथा राष्ट्रिय उत्पादकत्व र आर्थिक विकास केन्द्र लि. नोक्सानीमै संचालित छन्।

## ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.१३ सेवा क्षेत्रका संस्थानहरु मध्ये नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरणले मात्र ऋण उपयोग गरिरहेका छन्। समग्रमा आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा दीर्घकालीन ऋण रु. १ अरब ७१ करोड र अल्पकालीन ऋण रु. ५८ करोड १० लाख रहेको छ। त्यस्तै, यस क्षेत्रको आर्थिक वर्ष २०६३/६४ को शेयरधनी कोष रु. ९ अरब ४५ करोड तथा खुद स्थिर सम्पत्ति रु. ६ अरब ४३ करोड रहेको छ।

## सामाजिक क्षेत्र

९.१४ सामाजिक क्षेत्र अन्तर्गतका पाँचवटा संस्थानहरुको आर्थिक वर्ष २०६३/६४ को कुल सञ्चालन आय रु. १ अरब ५५ लाख रहेको छ जुन आर्थिक वर्ष २०६२/६३ को तुलनामा रु. १० करोडले कम हुन आउँछ। यस क्षेत्रमा जनक शिक्षा सामग्री केन्द्र लि. ले सबैभन्दा बढी रु. ६० करोडको विक्री कारोवार गरेको छ भने नेपाल टेलिभिजनले रु. १९ करोड र गोरखापत्र संस्थानले पनि रु. १९ करोडको कारोवार गरेका छन्। आर्थिक वर्ष २०६२/६३ को तुलनामा यी संस्थानहरुको कुल विक्री केही कम भएकोले समग्र सामाजिक क्षेत्रको कुल विक्री कारोवार घटेको देखिन्छ।

९.१५ ग्रामीण आवास कम्पनी लि. को कुल सञ्चालन आय आर्थिक वर्ष २०६२/६३ मा रु. २ करोड ६३ लाख रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा उल्लेख्य कमी आई रु. ७२ लाख मात्र रहन पुगेकोले कम्पनीको कारोवारमा वर्षेनी ठूलो उतार चढाव देखिन्छ। नेपाल टेलिभिजनको कुल आय आर्थिक वर्ष २०६२/६३ मा रु. २४ करोड रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा उल्लेख्य कमी आएको छ भने आर्थिक वर्ष २०६४/६५ को प्रगति अनुमान समेत संतोषजनक देखिंदैन।

## नाफा नोक्सानको स्थिति

९.१६ आर्थिक वर्ष २०६२/६३ मा सामाजिक क्षेत्रका संस्थानहरुको खुद नोक्सान रु. ६ करोड ६५ लाख रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा ९० प्रतिशतको हाराहारीमा वृद्धि भई खुद नोक्सान रु. १२ करोड ४२ लाख पुगेको छ। मुख्यरुपमा नेपाल टेलिभिजन र ग्रामीण आवास कम्पनी लि. को कारोवारमा कमी आएकोले यिनीहरुको नोक्सानीमा भएको वृद्धि र जनक शिक्षा सामग्री केन्द्र लि. को मुनाफामा उल्लेख्य कमी आएको कारणले समग्र सामाजिक क्षेत्रका संस्थानहरुको खुद नोक्सानी बढेको हो। गोरखापत्र संस्थान आर्थिक वर्ष २०६२/६३ मा पारविन्दुमा रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा रु. १ करोड २ लाख मुनाफा कमाउन सफल भएको छ। कारोवारमा केही कमी आएतापनि यस संस्थानले प्रशासकीय खर्च र लागत कम गरी अन्य आय बढाएर खूद मुनाफा कमाउन सफल भएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ को प्रगति अनुमान अनुसार यस क्षेत्रको खुद नोक्सानी रु. ११ करोडको हाराहारीमै रहने देखिएकोले नाफा नोक्सानको स्थितिमा खासै परिवर्तन हुने देखिंदैन।

## ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.१७ सामाजिक क्षेत्रका संस्थानहरुमध्ये सांस्कृतिक संस्थान र गोरखापत्र संस्थानको मात्र दीर्घकालीन ऋण दायित्व देखिन्छ जुन क्रमशः रु. १६ करोड २३ लाख र रु. २ करोड ५१ लाख रहेको छ। साँस्कृतिक संस्थानको दीर्घकालीन ऋण रकम आर्थिक वर्ष २०६१/६२ मा रु. १० करोड २० लाख रहेकोमा सोमा क्रमशः वृद्धि भई आर्थिक वर्ष २०६२/६३ मा रु. १२ करोड ७३ लाख र आर्थिक वर्ष २०६३/६४ मा रु. १६ करोड २३ लाख पुगेको छ। आर्थिक वर्ष २०६२/६३ मा वक्यौता देखिएको रु. ४ करोड ७६ लाखको अल्पकालीन ऋण गोरखापत्र संस्थानले लगभग चुक्ता गरिसकेको छ भने दीर्घकालीन ऋण पनि केही कम गर्न सफल भएको छ।

९.१८ आर्थिक वर्ष २०६२/६३ मा सामाजिक क्षेत्रका संस्थानहरुको खुद स्थिर सम्पत्ति रु. ९९ करोड रहेकोमा आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा रु. १ अरब ६ करोड रहन पुगेको छ। यस आर्थिक वर्षमा साँस्कृतिक संस्थानले उल्लेख्यरुपमा आफ्नो स्थिर सम्पत्ति बढाएको देखिन्छ। सामाजिक क्षेत्रका संस्थानहरुको शेयरधनी कोष आर्थिक वर्ष २०६२/६३ कै हाराहारीमा रु. १ अरब ६८ करोड रहेको छ। यस क्षेत्रका कुनै पनि संस्थानहरुको शेयरधनी कोष नकारात्मक छैन। समग्रमा सामाजिक क्षेत्रका

संस्थानहरुको विक्री अवस्था संतोषजनक देखिएता पनि यस अन्तर्गतको प्रमुख संस्थान नेपाल टेलिभिजनको घाटा प्रत्येक वर्ष वढ्दै गइरहेको छ ।

## जनोपयोगी क्षेत्र

९.१९ जनोपयोगी क्षेत्रका तीनवटा संस्थानहरुको आर्थिक वर्ष २०६३/६४ को कुल सञ्चालन आय रु. २८ अरब ६७ करोड रहेको छ। आर्थिक वर्ष २०६२/६३ को भन्दा आर्थिक वर्ष २०६३/६४ को सञ्चालन आयमा १७.३ प्रतिशतले वृद्धि भएको छ। नेपाल खानेपानी संस्थानको कुल आय आर्थिक वर्ष २०६२/६३ कै जस्तो रु. ६८ करोडको हाराहारीमा रहेको छ भने नेपाल विद्युत् प्राधिकरणको आयमा ९ प्रतिशतले वृद्धि भई रु. १४ अरब ५३ करोड पुगेको छ। यस्तै, नेपाल दूरसञ्चार कम्पनी लि.को कुल सञ्चालन आय आर्थिक वर्ष २०६२/६३ मा रु. १० अरब ४५ करोड रहेकोमा सो मा २८.७ प्रतिशत वृद्धि भई रु. १३ अरब ४५ करोड पुगेको छ ।

## नाफा नोक्सानको स्थिति

९.२० आर्थिक वर्ष २०६२/६३ मा यस क्षेत्रका संस्थानहरुको खुद मुनाफा रु. ३ अरब ६८ करोड रहेकोमा आथिर्क वर्ष २०६३/६४ मा ५१.४ प्रतिशत वृद्धि भई रु. ५ अरब ५७ करोड पुगेको छ। यस क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६३/६४ मा नेपाल दूरसञ्चार कम्पनी लि. तथा नेपाल विद्युत् प्राधिकरण खूद मुनाफामा रहेकाछन्। मुख्यरुपमा नेपाल दूरसञ्चार कम्पनी लि. को योगदानले समग्र जनपयोगी क्षेत्रको मुनाफा निरन्तररुपमा बढिरहेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ को प्रगति अनुमान अनुसार नेपाल दूरसञ्चार कम्पनी लि.को मुनाफामा खासै वृद्धि नहुने तर नेपाल विद्युत् प्राधिकरणको नोक्सानी रु. १ अरब ४८ करोड पुग्ने भएकोले आर्थिक वर्ष २०६४/६५ मा समग्र क्षेत्रको मुनाफामा केही कमी आउने देखिएको छ। आर्थिक वर्ष २०६३/६४ मा नेपाल दूरसञ्चार कम्पनी लि. को खुद मुनाफा ५ अरब ९८ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा रु. ६ अरब २७ करोड पुग्ने अनुमान रहेको छ ।

## ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.२१ आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा नेपाल खानेपानी संस्थानको रु. १ अरब ८३ करोड, नेपाल विद्युत् प्राधिकरणको रु. ५१ अरब ७६ करोड र नेपाल दूरसञ्चार कम्पनी लि. को रु. १ अरब १९ करोड दीर्घकालीन ऋण रहेको छ। यस क्षेत्रका संस्थानहरुको ठूलो लगानी स्थिर सम्पत्तिमा भएको छ। निर्माणाधीन सम्पत्ति समेत गरी आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा रु. ९९ अरब ४ करोडको खुद स्थिर सम्पत्ति रहेकोमा आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा सो ९८ अरब २५ करोड रहेको छ ।

## वित्तीय क्षेत्र

९.२२ वित्तीय क्षेत्रका ८ वटा संस्थानहरुको कुल सञ्चालन आय आर्थिक वर्ष २०६२/६३ को तुलनामा ३३ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६३/६४ मा रु. ११ अरब ९० करोड

पुगेको छ। मुख्यरूपमा यस आर्थिक वर्षमा कृषि विकास बैंक लि. को सञ्चालन आयमा रु. २ अरब ४६ करोडको वृद्धि भएकोले समग्र वित्तीय क्षेत्रका संस्थानहरुको सञ्चालन आयमा सकारात्मक योगदान पुगेको छ।

## नाफा नोक्सानको स्थिति

९.२३ वित्तीय क्षेत्रको खुद मुनाफा आर्थिक वर्ष २०६२/६३ मा रु. २ अरब ७२ करोड रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा ४९.३ प्रतिशतले वृद्धि भई रु. ४ अरब ६ करोड पुगेको छ। खासगरी कृषि विकास बैंक लि. को मुनाफामा यस वर्ष अत्यधिक वृद्धि भएको कारणले गर्दा समग्र वित्तीय क्षेत्रको खुद मुनाफा बढेको हो। सबै वित्तीय संस्थानहरु आर्थिक वर्ष २०६३/६४ मा मुनाफामा रहेका छन्। आर्थिक वर्ष २०६२/६३ मा रु. २७ करोड नोक्सानी व्यहोरेको नेपाल औद्योगिक विकास निगम लि. ले समेत आर्थिक वर्ष २०६३/६४ मा रु. १० करोड १३ लाख खुद मुनाफा कमाउन सफल भएको छ।

## ऋण, निक्षेप, लगानी र शेयरधनी कोष

९.२४ यस क्षेत्रका संस्थानहरुको ऋण आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा रु. ३ अरब ४७ करोड बाँकी रहेको छ, जसमध्ये नेपाल औद्योगिक विकास निगमको रु. ८८ करोड २१ लाख, राष्ट्रिय वाणिज्य बैंक लि. को रु. २ अरब २१ करोड ९६ लाख र कृषि विकास बैंक लि. को रु. ३७ करोड ४० लाख रहेका छन्। गत वर्ष यस क्षेत्रको ऋण रु. ५ अरब ९६ करोड रहेकोमा मुख्यतः राष्ट्रिय वाणिज्य बैंक लि. ले अन्य बैंकसँगको रु. २ अरब १३ करोडको ऋण चुक्ता गरेको कारणले समग्र वित्तीय क्षेत्रको ऋण रकम कम भएको हो। चालू आर्थिक वर्ष २०६४/६५ मा यो अझ घट्दै जाने अनुमान गरिएको छ। वित्तीय क्षेत्रका संस्थानहरुमध्ये कृषि विकास बैंक लि., राष्ट्रिय बाणिज्य बैंक लि. र नेपाल आवास विकास वित्त कम्पनी लि. ले सर्वसाधारणबाट निक्षेप स्वीकार गरी कारोवार गर्दै आएका छन्। नेपाल औद्योगिक विकास निगम लि. ले वैंड्किङ्ग कारोवार गर्ने स्वीकृति प्राप्त गरेको छ। आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा यस्तो निक्षेप रु. ८३ अरब ५५ करोड पुगेको छ जुन गत वर्षको रु. ७६ अरब ५६ करोड भन्दा ९.१ प्रतिशतले बढी छ।

९.२५ आर्थिक वर्ष २०६२/६३ को अन्त्यमा यी संस्थानहरुको खुद कर्जा प्रवाह रु. ४९ अरब ८४ करोड रहेकोमा आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा यसमा ५.१ प्रतिशतले वृद्धि भई रु. ५२ अरब ३८ करोड पुगेको छ। समग्र वित्तीय क्षेत्रका संस्थानहरुको शेयरधनीकोष रु. १४ अरब ६२ करोडले ऋणात्मक रहेको छ। राष्ट्रिय वाणिज्य बैंक लि. को शेयरधनी कोष रु. १७ अरब २१ करोडले ऋणात्मक भएको कारणले समग्र वित्तीय क्षेत्रका संस्थानहरुको शेयरधनी कोष ऋणात्मक देखिएतापनि यो र नेपाल औद्योगिक विकास निगम लि. बाहेक अन्य उल्लेखित सबै वित्तीय संस्थानहरुको शेयरधनी कोष धनात्मक नै रहेको छ। सन् २००३ मा विश्व बैंकको सहयोगमा संचालित बैंड्किङ्ग क्षेत्र सुधार कार्यक्रम अन्तर्गत राष्ट्रिय वाणिज्य बैंक लि. को

व्यवस्थापन करारमा दिए पश्चात् उक्त बैंकको खुद सम्पत्ति (networth) मा क्रमिकरुपमा सुधार भएको पाइन्छ। आर्थिक वर्ष २०५९।६० मा उक्त बैंकको खुद सम्पत्ति रु. २२ अरब ३९ करोडले ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा रु. १७ अरब २१ करोड ऋणात्मक रहने गएको छ। आर्थिक वर्ष २०६२/६३ मा ऋणात्मक शेयरधनी कोष रहेको कृषि विकास बैंक लि. ले आर्थिक वर्ष २०६३/६४ मा रु. १ अरब ६६ करोड धनात्मक वनाउन सफल भएको छ भने नेपाल औद्योगिक विकास निगम लि. को शेयरधनी कोष पनि चालू आर्थिक वर्ष २०६४/६५ मा धनात्मक हुने प्रक्षेपण रहेको छ।

## लेखापरीक्षणको अवस्था

९.२६ सार्वजनिक संस्थानहरुले प्रत्येक वर्ष लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था भएतापनि सोको पालना नगर्ने परिपाटी अद्यापि विद्यमान छ। आर्थिक वर्ष २०६३/६४ सम्मको लेखापरीक्षण २१ वटा संस्थानहरुले, आर्थिक वर्ष २०६२/६३ सम्म मात्रको लेखापरीक्षण ७ वटा संस्थानहरुले र आर्थिक वर्ष २०६१/६२ सम्म मात्रको लेखापरीक्षण ४ वटा संस्थानहरुले सम्पन्न गराएका छन्। प्रत्येक वर्ष अनिवार्यरुपमा लेखापरीक्षण कार्य सम्पन्न गराउनु पर्ने दायित्व वोकेका सार्वजनिक संस्थानहरु मध्ये केहीमा देखिएको लेखापरीक्षण सम्बन्धी अत्यन्त कमजोर अवस्था तल उल्लेख गरिएको छ।

**तालिका : ९ (क): लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष**

| *क्र.सं.* | *सार्वजनिक संस्थानको नाम* | *लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष* |
|---|---|---|
| १ | नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा. लि. | २०५८।५९ |
| २ | राष्ट्रिय वीमा संस्थान | २०५८।५९ |
| ३ | दि टिम्वर कर्पोरेशन अफ नेपाल लि. | २०६०।६१ |
| ४ | गोरखापत्र संस्थान | २०६०।६१ |

९.२७ लेखापरीक्षण सम्बन्धमा कानुनले प्रष्टरुपमा समयावधि समेत तोकी लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको भएता पनि केही संस्थानहरुले समयमै लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्थालाई परिपालन गरेको पाइएन। यसले सम्बन्धित संस्थानको व्यवस्थापनको असक्षमता र लापरवाहीको नमूना देखाउँदछ।

## संस्थानको संचालक समितिमा सुधार

९.२८ संस्थानहरुको सञ्चालन तथा व्यवस्थापनमा दक्ष, व्यावसायिक एवम् पेशाबिद्हरुलाई मात्र प्रतिनिधित्व गराउने र संचालक सदस्य संख्या ५ मा सीमित गर्ने नीति अनुरुप अधिकाँश संस्थानमा यो व्यवस्था अबलम्बन गरिसकिएको छ। केही संस्थानहरुको सञ्चालक समितिको सदस्य संख्या ऐन/नियमद्वारा नै तोकिएकोले ऐन/नियममा संशोधन गरी सदस्य संख्या ५ मा सीमित गर्ने कार्यले पूर्णता पाउन बाँकी रहेको छ।

**नेपाल सरकारको शेयर तथा ऋण लगानी**

९.२९ माथि विश्लेषण गरिएका ३६ वटा सार्वजनिक संस्थानहरुमा नेपाल सरकारको शेयर लगानी रु. ७५ अरब ८० करोड २७ लाख रहेको छ। उक्त लगानीबाट आर्थिक वर्ष २०६३/६४ मा सरकारले रु. १ अरब ४८ करोड ९५ लाख लाभांश प्राप्त गरेको छ। त्यस्तै, ऋण लगानीतर्फ आर्थिक वर्ष २०६३/६४ को अन्त्यसम्ममा रु. ६५ अरब १४ करोड १६ लाख वक्यौता रहेको छ। यसमध्ये आन्तरिक ऋणतर्फ रु. ६ अरब ३० करोड ८९ लाख र वाह्य ऋणतर्फ रु. ५८ अरब ८३ करोड २७ लाख रहेको छ।

९.३० अघिल्लो आर्थिक वर्षको सरकारी संस्थान सम्बन्धी कार्य प्रगति तथा लक्ष्य विवरण र आर्थिक सवेक्षण समेतमा विभिन्न संस्थानहरुमा नेपाल सरकारको शेयर र ऋण लगानी रकम सम्बन्धित संस्थानहरु र महालेखा नियन्त्रक कार्यालयको हिसावमा फरक परेको तथ्य औंल्याइएपछि आर्थिक वर्ष २०६३/६४ को विवरणमा केही संस्थानहरुको हिसाव मिलान प्रगति भएको देखिएतापनि अझै धेरै संस्थानहरुको शेयर र ऋण लगानी हिसाव मिडान गरी हिसाव भिडान गर्न बाँकी देखिन्छ। लामो समयसम्म हिसाव मिलान नहुँदा भविष्यमा हिसाव मिलान गर्न जटिलता उत्पन्न हुँदै जाने तथा संस्थानहरुको वास्तविक वित्तीय अवस्था समेत चित्रण नहुने भएकोले समयमै हिसाव मिलान गर्नेतर्फ अग्रसर हुन अत्यावश्यक देखिन्छ। यस्तो फरक विवरणको केही उदाहरण तल प्रस्तुत गरिएको छ :

**तालिका ९ (ख) : नेपाल सरकारको ऋण लगानी**

(रु. लाखमा)

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | संस्थानले देखाएको रकम | म.ले.नि.का. ले देखाएको रकम |
|---|---|---|---|
| १ | कृषि विकास बैंक लि. | ० | ४१,७३ |
| २ | नेपाल नागरिक उड्डयन प्राधिकरण | १,४७,९७ | २,५९,२६ |
| ३ | उदयपुर सिमेण्ट उद्योग लि. | १,७५,०० | २,२३,५० |
| ४ | नेपाल विद्युत् प्राधिकरण | ५१,७६,६० | ५१,५१,८५ |

**तालिका ९ (ग) : नेपाल सरकारको शेयर लगानी**

(रु. लाखमा)

| क्र.सं. | सार्वजनिक संस्थानको नाम | संस्थानले देखाएको रकम | म.ले.नि.का. ले देखाएको रकम |
|---|---|---|---|
| १ | नेपाल नागरिक उड्डयन प्राधिकरण | १०,७७,३३ | १४,५६,८६ |
| २ | कृषि सामग्री कम्पनी लि. | ४१,७६ | ४१,३६ |
| ३ | जडिवुटी उत्पादन तथा प्रशोधन कं.लि. | २,४१ | ३,९७ |
| ४ | नेपाल विद्युत् प्राधिकरण | २६,५७,६६ | २६,१९,४५ |
| ५ | नेपाल खानेपानी संस्थान | १,८७,०५ | १,४०,७६ |

**जनशक्तिको स्थिति**

९.३१ सरकारको पूर्ण/अधिकांश स्वामित्व रहेका यी ३६ वटा सार्वजनिक संस्थानहरुमा आर्थिक वर्ष २०६३/६४ को अन्त्यसम्ममा ३६ हजार ३ सय ४९ जना कर्मचारी/कामदारहरु कार्यरत रहेकोमा चालू आर्थिक वर्ष २०६४/६५ मा ३५ हजार ५३ जना रहेको छ जुन आगामी आर्थिक वर्ष २०६५।६६ मा सो सङ्ख्या ३५,९७६ पुग्ने अनुमान गरिएकोछ। संस्थानहरुमा अनावश्यक जनशक्तिको चाप अझै छ। उस्तै प्रकृतिका निजी क्षेत्रका उद्योग कम्पनीहरुका कर्मचारी/कामदार सङ्ख्या तथा उत्पादकत्वको तुलनामा सरकारी संस्थानहरुमा कार्यरत कर्मचारीहरुको सङ्ख्या अनुरुप वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण हुन सकिरहेको छैन। यसले गर्दा संस्थानहरुको शिरोभार खर्चमा वृद्धि भई वित्तीय भार बढिरहेको छ र कार्यरत कर्मचारी/कामदारहरुको कम उत्पादकत्वका कारण समग्र क्षेत्रको उत्पादकत्व घटेर गइहेको छ। एकातर्फ सरकारी संरक्षणका कारणले संस्थानका कामदार/कर्मचारीहरुमा प्रतिस्पर्धी भावनाको अभाव तथा आफ्नो कामप्रति उत्प्रेरित नरहेको अवस्था छ भने अर्कोतर्फ व्यावसायिक स्वतन्त्रतामा अपेक्षित सुधार नआएकोले निर्णय गर्न वाधा पुग्ने अवस्थाबाट सार्वजनिक संस्थानहरु गुज्रिरहेकाछन्। यी विभिन्न कमी कमजोरीहरुको वावजुद पनि केही संस्थानहरुले अत्यावश्यक वस्तु वा सेवाको उत्पादन तथा विक्री वितरण प्रभावकारीरुपमा गर्दै आएकाछन्।

**सार्वजनिक संस्थानहरुको विनिवेश र खारेजी**

९.३२ विगत डेढदशकदेखि सरकारले अपनाएको आर्थिक उदारीकरण तथा खुला बजार अर्थतन्त्रको नीतिगत सिद्धान्त अनुरुप सार्वजनिक संस्थानहरुबाट प्रदान भइरहेका सेवाहरुलाई निजी क्षेत्रमा विनिवेश (divest) गरी प्रदत्त सेवालाई अझ बढी सुदृढ गर्ने उद्देश्यले २०५० सालदेखि निजीकरण प्रक्रिया सुरु भई २०६४ चैत मसान्तसम्म देहाय वमोजिम ३० वटा सार्वजनिक संस्थानहरुको व्यवसाय एवम् सम्पत्ति विक्री, शेयर विक्री, व्यवस्थापन करार, सम्पत्ति विक्री र भाडा, विघटन वा खारेज गरी विनिवेश गरिएका संस्थानहरुको विनिवेश प्रक्रिया (modality), शेयर प्रतिशत र प्राप्त रकमको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ९ (घ) : विनिवेश/खारेजी/विघटन भएका सार्वजनिक संस्थानहरु**

| क्र सं | संस्थान/प्रतिष्ठानको नाम | विनिवेश वा खारेज भएको वर्ष (इ.सं.) | निजीकरण प्रक्रिया | शेयर बिक्री (प्रतिशत) | विनिवेशबाट प्राप्त रकम (रु.हजार) |
|---|---|---|---|---|---|
| १ | भृकुटी कागज कारखाना | १९९२ | व्यवसाय एवम् सम्पत्ति बिक्री | - | २२,९८०० |
| २ | हरिसिद्धि ईटा टायल कारखाना | १९९२ | व्यवसाय एवम् सम्पत्ति बिक्री | - | २१,४८,३० |
| ३ | बाँसबारी छाला जुत्ता कारखाना | १९९२ | व्यवसाय एवम् सम्पत्ति बिक्री (जग्गा वाहेक) | - | २९,८५४ |
| ४ | चलचित्र विकास कम्पनी | १९९३ | शेयर बिक्री | ५१.० | ६४,६६२ |
| ५ | बालाजु कपडा उद्योग | १९९३ | शेयर बिक्री | ७०.० | १७,७१६ |
| ६. | काँचो छाला संकलन तथा बिक्री केन्द्र | १९९३ | शेयर बिक्री | १००.० | ३९,९० |
| ७ | नेपाल विटुमिन तथा व्यारेल उद्योग | १९९४ | शेयर बिक्री | ६५.० | १३,१२७ |
| ८ | नेपाल ल्यूब आयल | १९९४ | शेयर बिक्री | ४०.० | ३१,०५७ |
| ९ | नेपाल जुट विकास तथा व्यापार कम्पनी | १९९३ | खारेजी | - | - |
| १० | सूर्ति विकास कम्पनी | १९९४ | खारेजी | - | - |
| ११ | नेपाल ढलौट कारखाना | १९९६ | शेयर बिक्री | ५१.० | १४,४७३ |
| १२ | श्री रघुपटि जुट मिल्स | १९९६ | शेयर बिक्री | ६५.० | ८२,२०४ |
| १३ | नेपाल बैंक लि. | १९९७ | शेयर बिक्री | १०.० | १२,५१,४० |
| १४ | कृषि आयोजना सेवा केन्द्र | २००१ | खारेजी | - | - |
| १५ | नेपाल चिया विकास निगम | २००० | शेयर बिक्री | ६५.० | २६,७१,०५ |
| १६ | विराटनगर जुट मिल्स * | २००२ | व्यवस्थापन करार | - | - |
| १७ | हिमाल सिमेण्ट उद्योग लि.** | २००२ | खारेजी | - | - |
| १८ | घरेलु शिल्पकला बिक्री भण्डार | २००२ | खारेजी | - | - |
| १९ | नेपाल कोल लि. | २००२ | खारेजी | - | - |
| २० | हेटौंडा कपडा उद्योग | २००२ | खारेजी | - | - |
| २१ | नेपाल यातयात संस्थान | २००२ | विघटन | - | - |
| २२ | बुटवल पावर कम्पनी | २००३ | शेयर बिक्री | ७५.० | ८७,४२०० र १० लाख अमेरिकी डलर |
| २३ | वीरगञ्ज चिनी कारखाना लि. | २००३ | खारेजी | - | - |
| २४ | कृषि औजार कारखाना लि. | २००३ | खारेजी | - | - |
| २५ | भक्तपुर ईंटा कारखाना लि. | २००४ | सम्पत्ति बिक्री र भाडा | - | १४,५०० (सम्पत्ति बिक्री ३१,९००(१० वर्षको भाडा) |
| २६ | लुम्बिनी चिनी कारखाना | २००६ | सम्पत्ति बिक्री र भाडा | - | ७८,६०० (सम्पत्ति बिक्री) ४२,१२ (प्रति वर्ष भाडा) |
| २७ | नेपाल रोजिन एण्ड टर्पेण्टाईन लिं | २००६ | सम्पत्ति बिक्री र भाडा | - | ११,०१,०० (सम्पत्ति बिक्री) ३०,१२ (प्रति वर्ष भाडा) |
| २८ | कृषि चुन उद्योग लि. | २००६ | खारेजी | | |
| २९ | नेपाल ड्रिलिङ्ग कम्पनी | २००६ | खारेजी | | |
| ३० | नेपाल दूरसञ्चार कम्पनी लि. | २००८ | शेयर विक्री | ८.५३ | ४,२६,४१,३९ |

*विगतमा व्यवस्थापन करारमा दिइएको भएतापनि सो वमोजिम सञ्चालन हुन नसकेपछि हाल सरकारले सञ्चालन गरिआएको ।

**अदालतको फैसला वमोजिम खारेजी बदर भएकोले पुनः प्रक्रिया पुर्‍याई खारेजीमा लैजाने क्रममा रहेको ।

९.३३ सार्वजनिक संस्थानहरुमा कार्यरत कामदार/कर्मचारी एवम् निजी क्षेत्रलाइ सार्वजनिक संस्थानको स्वामित्वमा क्रमशः सहभागी गराउँदै वस्तु वा सेवाको उत्पादकत्व समेत वृद्धि गर्दै लैजाने अभिप्रायले आर्थिक वर्ष २०६४/६५ मा नेपाल दूरसञ्चार कम्पनीको

नेपाल सरकारको स्वामित्वमा रहेको रु. १००।- दरको ७५ लाख कित्ता शेयर सो कम्पनीको कामदार/कर्मचारीहरुलाई र १ करोड ५० लाख कित्ता शेयर सर्वसाधारणले खरिद गर्न पाउने गरी विक्री गर्ने नेपाल सरकारको निर्णयानुसार ७५ लाख कित्ता शेयर अर्थात् नेपाल सरकारको स्वामित्वमा रहेको कुल शेयरको ५ प्रतिशत कर्मचारीलाई विक्री गरी रु. ६७ करोड ५० लाख प्राप्त भएको छ। यसैगरी सर्वसाधारणलाई विक्री गर्ने गरी निर्णय भएको १ करोड ७५ लाख कित्ता शेयर मध्ये प्रथम चरणमा ७५ लाख कित्ता शेयर विक्रीको लागि सूचना आव्हान गरिएकोमा जम्मा ५२ लाख ९९ हजार ७० कित्ता अर्थात् ३.५३ प्रतिशत शेयर विक्री भई जम्मा रु. ३ अरब ५८ करोड ९१ लाख ३९ हजार ३ सय ६५ प्राप्त भएको छ। करिब १५ वर्ष अघि सुरु भएको निजीकरणको अनुभवबाट निजीकरण कार्यक्रम कार्यान्वयनमा देखापरेका मूलभूत चुनौतिहरु निम्न वमोजिम रहेका छन् :

**निजीकरण कार्यक्रम कार्यान्वयनमा देखापरेका चुनौतीहरु**

९.३४ **समायोजन:**निजीकरण गरिएका केही सार्वजनिक संस्थानहरुको निजीकरण पूर्व यस सिलसिलामा तयार पारिएको विवरण (Information Memorandum) मा उल्लेख भएको सम्पत्तिको मौज्दात र मूल्यमा सम्झौता पश्चात् नेपाल सरकारको तर्फबाट नियुक्त मूल्यांकनकर्ता र सम्बन्धित खरिदकर्ताको मूल्यांकनकर्ताको मूल्यांकन बीचमा भिडान गर्दा ठूलो अन्तर भई खरिदकर्ता र सरकारबीच विवाद परी निजीकरण सम्बन्धी कार्य टुङ्गोमा पुऱ्याउन व्यवधान परेको छ। नेपाल चिया विकास निगमको यस्तो समस्या भई खरिदकर्ता मुद्दामा समेत गएकोमा हालै आपसी सहमति भई समस्या समाधान गरिएको छ। बालाजु कपडा उद्योग, रघुपति जुट मिल, भक्तपुर इटा कारखाना आदिमा अझै पनि यो समस्या रहेको छ।

९.३५ **जग्गा अतिक्रमण:** निजीकरणको सिलसिलामा भाडा (lease) मा दिइएका जग्गाहरु अतिक्रमण भएको कारणबाट खरिदकर्ताले उपयोगमा ल्याउन नसकेको अवस्थाले पनि निजीकरण टुङ्गोमा पुऱ्याउन सकिएको छैन। रघुपति जुट मिल तथा नेपाल चिया विकास निगममा यस सम्बन्धी ठूलो समस्या रहेको छ।

९.३६ न्यायिक निकायमा गएका विषयहरु: निजीकरण गरिएका केही सार्वजनिक प्रतिष्ठानका खरिदकर्ताहरु सरकारलाई तिर्नुपर्ने रकमसँग असहमति जनाई मुद्दामा गएकाछन्। यसबाट सरकारले प्राप्त गर्नुपर्ने रकम असुल गर्न कठिनाइ भएको र निजीकरण प्रक्रिया फरफारक गर्न नसकिएको अवस्था छ। हरिसिद्धि इटा टायल कारखाना, भृकुटी कागज कारखाना र भक्तपुर इटा कारखानामा यस्तो समस्या रहेको छ।

९.३७ **सम्पत्ति विक्री गर्न कठिनाइ:** कतिपय विघटित तथा खारेज गरिएका सार्वजनिक प्रतिष्ठानहरुको सम्पत्ति विक्री गर्न सकिएको छैन। हेटौंडा कपडा उद्योग खारेज गरेको ६ वर्ष भइसक्दा पनि यस्तो सम्पत्ति विक्री गर्न सकिएको छैन। मेशिनरीहरु धेरै पुराना (obsolete) भएको कारणबाट पनि यस्तो हुन गएको हो। यस्तै अवस्था नेपाल ड्रिलिङ्ग कम्पनी, वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखाना आदिको पनि छ।

९.३८ **लिक्विडेशनसँग सम्बन्धित समस्या**: निजीकरण प्रक्रियाका सुरुवातका प्रतिष्ठानहरु बाँसबारी छाला जुत्ता कारखाना, हरिसिद्धि इटा टायल कारखाना, भृकुटी कागज कारखानाको दायित्व फरफारक गरी लिक्विडेशन कार्य पूरा गर्न नियुक्त गरिएका लिक्विडेटरहरुबाट लामो समय लाग्न गएकोमा लिक्विडेटरको अन्तिम प्रतिवेदन प्राप्त भई दर्ता खारेजीको लागि अन्तिम कारवाही भइरहेको छ। कम्पनी रजिष्ट्रारको कार्यालयबाट घरेलु शिल्पकला विक्री भण्डार र नेपाल कोल लि. को दर्ता खारेजी (deregistration) गर्ने कार्य भइसकेको छ। भक्तपुर इटा कराखाना र कृषि चून उद्योगको खारेजी गर्ने कार्य २०६५ असार मसान्तसम्म गरिसक्ने गरी लिक्विडेटरबाट काम भइरहेको छ। हेटौंडा कपडा उद्योगको विक्री हुन नसकेको घर जग्गा, प्लाण्ट मेशिनरीहरु नेपाल सरकारको नाममा ल्याई लिक्विडेशन कार्य सम्पन्न गर्ने गरी प्रक्रिया अघि बढाइएको छ।

९.३९ **सरकारले व्यहोरेको दायित्व**: निजीकरण कार्य सम्पन्न गर्न सरकारले ठूलो आर्थिक दायित्व व्यहोर्नु परेको छ। पछिल्लो चरणमा विनिवेश एवम् खारेज गरिएका सार्वजनिक प्रतिष्ठानहरुको दायित्व फरफारक गर्नको लागि निम्न वमोजिम दायित्व नेपाल सरकारले व्यहोरेको छ। खारेज, विघटन वा विनिवेश कार्य सम्पन्न भइनसकेका संस्थानहरुको लागि अझै ठूलो आर्थिक भार सरकारले वहन गर्नुपर्ने अवस्था रहेको छ।

**तालिका ९ (ङ) : विनिवेश वा खारेज गरिएका सार्वजनिक संस्थानहरुमा नेपाल सरकारबाट दायित्व भुक्तानीका लागि गरेको लगानी विवरण**

(रु. हजारमा)

| सि.नं. | संस्थानको नाम | रकम | वापत |
|---|---|---|---|
| १) | हिमाल सिमेण्ट कम्पनी | ३७,००,०० | विभिन्न दायित्व भुक्तानी गर्न |
| २) | भक्तपुर ईटा कारखाना | २०,६२,३१ | ,, ,, ,, |
| ३) | वीरगञ्ज चिनी कारखाना | ७०,६७,२४ | ,, ,, ,, |
| ४) | कृषि औजार कारखाना | ५,२९,७६ | ,, ,, ,, |
| ५) | नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. | १८,०८,१२ | ,, ,, ,, |
| ६) | लुम्बिनी चिनी कारखाना | ५०,८९,६७ | ,, ,, ,, |
| ७) | कृषि चुन उद्योग लि. | ८,१५,९५ | ,, ,, ,, |
| ८) | नेपाल कोल लि. | ८३,९१ | ,, ,, ,, |
| ९) | नेपाल यातायात संस्थान | ३६,१६,८५ | ,, ,, ,, |
| १०) | हेटौंडा कपडा | ५३,६०,३५ | ,, ,, ,, |
| ११) | घरेलु शिल्पकला विक्री भण्डार | ८,१०,३३ | ,, ,, ,, |
| १२) | नेपाल चिया विकास निगम | ११,८६,७१ | ,, ,, ,, |
| १३) | विराटनगर जुट मिल्स | ४५,१४,०९ | ,, ,, ,, |

९.४० सामान्यतया कुनै पनि सार्वजनिक संस्थानको दायित्व सो संस्थानको सम्पत्तिबाट व्यहोर्नु पर्ने हो तर यसो हुन सकिरहेको देखिदैन । यस्तो संस्थानको सम्पत्ति विभिन्न कारणले विक्री हुन नसक्ने वा सार्वजनिक प्रयोगमा जाने र दायित्व जति नेपाल सरकारले व्यहोर्ने परिपाटीले नेपाल सरकारलाई ठूलो आर्थिक भार परिरहेको छ । यस्तो परिपाटीको सुधार हुन आवश्यक छ ।

## चुनौतीहरु

९.४१ केही सार्वजनिक संस्थानहरु घाटामा रहेका र कतिपय संस्थानहरुको खुद सम्पत्ति (networth) नकारात्मक समेत रहेको छ । यी सार्वजनिक संस्थानहरुले ठूलो मात्रामा उपदान, पेन्सन, कर्मचारी संचय कोष आदि सुविधाहरुको कोषको व्यवस्था नगरिएको दायित्व (unfunded liability) श्रृजना गरिरहेकाछन् जसबाट अन्ततोगत्वा सरकारलाई ठूलो आर्थिक भार पर्न जाने देखिन्छ ।

९.४२ घाटामा रहेका सार्वजनिक संस्थानहरुले सरकारमाथि निर्भरता बढाउदै लगेको र नाफामा रहेका संस्थानहरुमा आवश्यकताभन्दा बढी सुविधा लिने प्रवृत्ति बढिरहेको छ ।

९.४३ संस्थान सञ्चालन घाटामा भएपनि दरवन्दीको यथार्थ विवरण सार्वजनिक नगर्ने र कर्मचारी संङ्ख्यालाई उपयुक्त आकारमा (right-sizing) मा ल्याउने सम्बन्धी सरकारी नीतिको उपेक्षा हुने गरी थप कर्मचारी भर्ना गर्ने प्रवृत्तिले संस्थानको शिरोभार खर्च बढ्दै गएको देखिन्छ । यसमा सम्बन्धित संस्थान र मन्त्रालयबाट समेत समयानुकूल प्रतिवद्धता र कार्यान्वयनको उत्तरदायित्व लिने परिपाटी वसाल्नु पर्ने आवश्यकता देखिएको छ । सार्वजनिक संस्थानहरुमा आवश्यक दक्ष जनशक्तिको कमी र अदक्ष जनशक्ति आवश्यकताभन्दा बढी रहेको अवस्था छ ।

९.४४ कतिपय संस्थानहरुले लामो समयसम्म आफ्नो वार्षिक हिसाव तयार नगर्ने र कैयौ वर्षसम्म लेखापरीक्षण नगराएको कारणबाट संस्थान प्रतिको जनविश्वासमा ह्रास आउन र संस्थान सुधारको कार्यलाइ समेत प्रतिकूल प्रभाव पार्न सक्ने अवस्था देखिएको छ ।

९.४५ सार्वजनिक संस्थानहरुमा उपयुक्त र नविनतम प्रविधिको अभाव छ । साथै पूँजीको अभाव पनि ठूलो चुनौतिको रुपमा रहेको छ ।

९.४६ केही सार्वजनिक संस्थानहरुलाई बजार भाउ अनुसार मूल्य निर्धारण गर्न स्वतन्त्रता प्रदान गर्न नसकिएको कारणबाट त्यस्ता संस्थानको अस्तित्वमाथि नै चुनौति आएको देखिन्छ । यसको ज्वलन्त उदाहरण नेपाल आयल निगम लि. रहेको छ ।

९.४७ संचालक समिति, प्रमुख व्यवस्थापक तथा कर्मचारीहरुको नियुक्ति सम्बन्धमा र यिनीहरुलाई उपलब्ध गराउने सुविधाको सम्बन्धमा स्पष्ट (clear and coherent) नीतिको अभाव पनि एउटा चुनौती रहेको छ ।

९.४८ सार्वजनिक संस्थानको अनुगमन तथा निरीक्षणको लागि स्पष्ट नीति र संयन्त्रको अभाव देखिन्छ। सम्बन्धित मन्त्रालयहरुले आफू अन्तर्गतका संस्थानहरुको अनुगमन, निरीक्षण गर्ने कार्य प्रभावकारी वनाउनु पर्ने आवश्यकता रहेको छ।

९.४९ देशको आर्थिक विकासमा सरकारी संस्थानले निर्वाह गर्ने महत्वपूर्ण भूमिकालाई उदार, खुला तथा प्रतिस्पर्धात्मक अर्थ व्यवस्था अनुकुल हुनेगरी समायोजन गर्दै जानुपर्ने खाँचो महसुस गरिएको वर्तमान सन्दर्भमा संस्थानको लक्ष्य प्राप्तिमा देखिएको समष्टिगत प्रगति स्थितिमाथि सन्तोष लिन सकिने अवस्था देखिँदैन।

९.५० आर्थिक वर्ष २०६३/६४ को बजेट वक्तव्यमा उल्लेख भए अनुसार उच्चस्तरीय सार्वजनिक संस्थान सुधार सुझाव समितिबाट विद्यमान सार्वजनिक संस्थानहरुमध्ये कुन कुन संस्थानलाई निरन्तरता दिने, खारेज गर्ने वा निजीकरण गर्ने भन्ने सुझाव सहितको प्रतिवेदन प्राप्त भई छलफल, अध्ययन, विश्लेषण गरी कार्यान्वयन गर्ने प्रक्रिया अघि बढी रहेको छ। यससम्वन्धी कार्य छिटो सम्पन्न हुन सकेमा राष्ट्रिय श्रोत र साधनको कुशल बाँडफाडमा अनुकूल योगदान पुग्न गई आर्थिक विकासको कार्यलाई गतिशील बनाउन योगदान मिल्न जाने कुरा निर्विवाद छ।